कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः ३२ | वि.सं. २०८३ जेठ १ शुक्रवार | नेपाल संवतः ११४५, ज्येष्ठ कृष्ण त्रयोदशी | Friday 15 May 2026 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५ ।-

# गुणस्तरीय विद्युत सेवाको पहुँच बाहिर कर्णालीका २० प्रतिशत नागरिक

**कर्णालीका नदी तथा खोलामा विकास गर्न सकिने उर्जाले समर्ग देशको ठुलो माग धान्न सक्छ । बिडम्बना उर्जा उत्पादनमा देशकै ठुलो हिस्सा ओगट्ने प्रदेशमा विघुत सेवा विस्तारको अवस्था भने पुछारमा छ । तथ्यांक अनुसार कर्णाली प्रदेशमा अझै पनि २० प्रतिशत घरपरिवारका सदस्यको पहुँचमा निरन्तर विघुतको सेवा विस्तार हुन सकेको छैन ।**



**ओम शाही**
**सुर्खेत, ३१ बैशाख ।**

झण्डै दुई दशकअघि भएका विभिन्न अध्ययनहरुले कर्णाली प्रदेशमा अवस्थित कर्णाली र भेरी नदी बेसिनमा कुल विद्युत उत्पादन क्षमता १८ हजार मेगावट रहेको देखाउछन् । यो राष्ट्रिय जलविद्युत उत्पादन क्षमताको महत्वपूर्ण हिस्सा हो । कर्णालीका नदी तथा खोलामा विकास गर्न सकिने उर्जाले समर्ग देशको ठुलो माग धान्न सक्छ ।

बिडम्बना उर्जा उत्पादनमा देशकै ठुलो हिस्सा ओगट्ने प्रदेशमा विद्युत सेवा विस्तारको अवस्था भने पुछारमा छ । तथ्यांक अनुसार कर्णाली प्रदेशमा अझै पनि २० प्रतिशत घरपरिवारका सदस्यको पहुँचमा निरन्तर विद्युतको सेवा विस्तार हुन सकेको छैन । हालै राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/०८२ ले कर्णाली प्रदेमा ८०.८ प्रतिशत घरपरिवार मात्रै गुणस्तरिय विद्युत सेवाको पहुँचमा जोडिएको देखाएको छ ।

जबकी नेपालमा ९६.७ प्रतिशत घरपरिवारका सदस्य निरन्तर विद्युत सेवाको पहुँचमा छन् । प्रदेशगतरुपमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ९९.५ प्रतिशत परिवार निरन्तर विद्युत सेवामा जोडिएका छन् ।

विद्युत सेवाको विस्तार मात्रै होइन कर्णालीको विजुली उत्पादन क्षमता पनि निकै कम छ । उर्जा उत्पादनको प्रचुर सम्भानाका बावजुद कर्णालीमा आर्थिक वर्ष २०७६/०७७ सम्म आठ मेगावाट जलविद्युत उत्पादन भएकोमा आर्थिक वर्ष २०८०/०८१ सम्म आइपुग्दा जम्मा १६ मेगावाट पुगेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार कर्णालीमा बत्ती बाल्न बिजुली प्रयोग गर्ने घरपरिवारको संख्या ४९.६ र सोलार वा सौर्य उर्जा प्रयोग गर्ने घरपरिवार ३७.९ प्रतिशत छ ।

कर्णाली जलाधार क्षेत्रमा ठुला र साना गरी दर्जनौ बढी आयोजना विकास गर्न सकिने सम्भावना छ । तर, ति सम्भावना भने कागजमै सीमित भइरहेका छन् । तथ्याक अनुसार कर्णाली जलाधार क्षेत्रमा जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्न दुई दर्जन जति लाइसेन्स प्राप्त जलविद्युत् आयोजना कर्णालीमा छन् ।

कर्णाली प्रदेश सरकार स्थापना भएदेखि नै जलविद्युत् उत्पादनको विषय प्राथमिकतामा पर्दै आएको छ । प्रदेशस्तरको ऊर्जा, विद्युत्, सिँचाइ, जलउत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन गर्न छुट्टै जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय नै स्थापना छ । तर, विद्युत् विकासको प्रगति भने शून्य छ ।

प्रदेश सरकार स्थापनासँगै बनेको प्रथम पञ्चवर्षीय योजनामा कर्णालीका नागरिकलाई जलविद्युत्को मालिक बनाउने गरी विद्युत् विकास गर्ने लक्ष्य राखिएको थियो । उक्त योजना समाप्त हुँदाका दिनसम्म विद्युत् विकासमा कुनै पनि परिणाम देखा परेको अवस्था छैन । प्रथम पञ्चवर्षीय योजना समाप्त भएसँगै कर्णाली प्रदेशको दोस्रो पाँचवर्षे आवधिक योजना तयार भएको छ ।

प्रथम पञ्चवर्षीय योजनामा विद्युत् विकासमा हासिल गर्ने भनिएको प्रगति कागजमै सीमित रहँदा दोस्रो योजनामा

बाँकी ३ पेजमा

## इन्टरनेट पहुँच पनि न्यून

देशभर ८२ प्रतिशत घरपरिवारले इन्टरनेट सुविधासहितको उपकरण प्रयोग गर्ने गरेका छन् । कर्णालीमा भने ६८.५ प्रतिशत घरपरिवारले मात्रै यस्तो सुविधा प्रयोग गर्ने गरेको राष्ट्रिय तथ्यांकले देखाउछ । कर्णालीमा ८३.७ प्रतिशत व्यक्तिसँग आफ्नै मोबाइल फोन छ भने ९३.४ प्रतिशत व्यक्तिले पछिल्ला तीन महिनाभित्र मोबाइल फोन प्रयोग गरेको तथ्यांकले देखाएको छ । राष्ट्रियस्तरमा १५-४९ वर्ष उमेर समूहका ८१.६ प्रतिशत महिलासँग आफ्नै मोबाइल फोन रहदा छ भने ९२.८ प्रतिशत महिलाले मोबाइल प्रयोग गर्ने गरेका छन् ।

टेलिफोन सुविधामा भने कर्णाली राष्ट्रिय औसतको नजिक देखिएको छ । नेपालमा ९५.५ प्रतिशत घरपरिवारमा स्थिर वा मोबाइल टेलिफोन सुविधा छ भने कर्णालीमा ९३.७ प्रतिशत घरपरिवारमा यस्तो पहुँच रहेको तथ्यांकले देखाउछ । प्रदेशगत रूपमा सबैभन्दा बढी बागमती प्रदेशमा ९७.१ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ९२.६ प्रतिशत घरपरिवारमा टेलिफोन सुविधा पुगेको तथ्यांकले देखाउछ ।

## खानेपानीमा जीवाणुको जोखिम बढी

बहुसूचक सर्वेक्षणको तथ्यांक अनुसार कर्णालीका ९३.९ प्रतिशत घरपरिवारले सुधारिएको खानेपानीको स्रोत प्रयोग गर्ने गरेका छन् । तर, पानी परीक्षण गर्दा ७४.३ प्रतिशत घरपरिवारको पिउने पानीमा 'ई-कोली' जीवाणु भेटिएको छ, जुन राष्ट्रिय दर ६१.२ प्रतिशतभन्दा बढी हो । यस्तो पानीको उपभोगले जनस्वास्थ्यमा गम्भीर असर पार्ने स्वास्थ्यकर्मीहरु बताउछन् ।

त्यस्तै, सुधारिएको चर्पी प्रयोग गर्ने घरपरिवारको प्रतिशत कर्णालीमा ९३.४ प्रतिशत छ भने ७६.८ प्रतिशतले आफ्नै घरको चर्पी प्रयोग गर्ने गरेका छन् । तथ्यांक अनुसार घरमा हात धुने स्थानमा पानी र साबुन उपलब्ध हुने घरपरिवारका सदस्यको प्रतिशत कर्णालीमा ८१.८ रहेको तथ्यांकले देखाउछ ।

# कोहलपुर-सुर्खेत प्रसारण लाइनमा क्षति मर्मत र छानबिन तीव्र पार्न मन्त्री श्रेष्ठको निर्देशन

**युग संवाददाता**
**काठमाडौँ, ३१ वैशाख ।**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले कोहलपुर-सुर्खेत प्रसारण लाइनअन्तर्गतको बाँकेको चिसापानी क्षेत्रमा १३२ केभी क्षमताका दुई वटा विद्युत् प्रसारण टावर ढलेपछि कर्णाली प्रदेशमा उत्पन्न विद्युत् सङ्कटप्रति चासो व्यक्त गरेका छन् ।

मन्त्री श्रेष्ठले बुधबार क्षतिग्रस्त टावरको मर्मतसम्भार र घटनाको छानबिन प्रक्रियालाई तीव्रता दिन सम्बन्धित निकायलाई निर्देशन दिएका हुन । हावाहुरीका कारण रूख ढलेर प्रसारण लाइनमा क्षति पुग्दा कोहलपुर-सुर्खेत १३२ केभी लाइनका दुई टावर पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए ।

उक्त घटनालगत्तै मन्त्री श्रेष्ठको सचिवालयले सम्बन्धित कार्यालयसँग निरन्तर समन्वय गरिरहेको र विद्युत् सेवा यथाशीघ्र सञ्चालन गर्न पहल थालेको छ । यस्तै, मन्त्रालयले घटनाको सत्यतथ्य पत्ता लगाउन नेपाल विद्युत् प्राधिकरणले ग्रिड अप्रेसन प्रमुख रमणराज शर्माको संयोजकत्वमा एक छानबिन समितिसमेत गठन गरेको छ ।

प्राधिकरणका अनुसार क्षतिग्रस्त टावरको निर्माण आरएस इन्फ्रा कम्पनीले गरेको थियो । प्राविधिक निरीक्षणका क्रममा टावरको फाउन्डेसन (जग) नै पुनः निर्माण गर्नुपर्ने देखिएकाले मर्मत तथा पुनःस्थापनाको कार्यसम्पन्न हुन करिब तीन साता लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन कर्णाली प्रदेशको दीर्घकालीन विद्युत् समस्या समाधानका लागि महत्त्वपूर्ण पूर्वाधार मानिन्छ । आयोजना सम्पन्न नहुँदै प्राकृतिक प्रकोपका कारण भएको यो क्षतिले प्रदेशको ऊर्जा सुरक्षामा चुनौती थपेको छ । मन्त्री श्रेष्ठले मर्मत कार्यलाई प्राथमिकतामा राखेर युद्धस्तरमा काम अघि बढाउन निर्देशन दिएको उनको सचिवालयले जनाएको छ ।

# प्रथम कर्णाली पर्यटन सम्मेलन हुँदै

**युग संवाददाता**
**सुर्खेत, ३१ बैशाख ।**

कर्णाली प्रदेशमा प्रथम कर्णाली पर्यटन सम्मेलन आयोजना हुने भएको छ । सम्मेलन आगामी ८, ९ र १० जेठमा सुर्खेतको वीरेन्द्रनगरमा हुने भएको छ । सम्मेलन नेपाल पर्यटन बोर्ड र वीरेन्द्रनगर नगरपालिकाको संयुक्त आयोजना तथा होटल व्यवसायी महासंघ कर्णाली प्रदेशको समन्वयमा सञ्चालन हुन लागेको हो ।




सम्मेलनबारे जानकारी दिन बिहीबार आयोजित पत्रकार सम्मेलनमा मुल आयोजक समितिका संयोजक तर्कबहादुर शाहीले कर्णाली प्रदेशको पर्यटन विकास, प्रवर्द्धन तथा दीर्घकालीन सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गर्न लागिएको बताए । उनका अनुसार सम्मेलनमा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका साथै भारतका उत्तर प्रदेश, उत्तराखण्ड र दिल्लीबाट पर्यटन व्यवसायी, लगानीकर्ता, प्रतिष्ठित बायर-सेलर, सञ्चारकर्मी, ट्राभल भ्लगर, ट्रेड प्रोफेशनल

बाँकी ३ पेजमा

**सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं ।**

- आफ्नो काम कानूनी प्रक्रिया र नियमानुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुबै अपराधी हुन,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।

**भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं,**
**सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।



## सम्पादकीय....

# परीक्षाको अंकले मात्र सुध्रिदैन शिक्षाको गुणस्तर !

कर्णाली प्रदेशको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजाले उत्साहसँगै चुनौती पनि थपेको छ। प्रदेशभरबाट साधारण तथा प्राविधिक धारतर्फ गरी ३२ हजार तीन सय ३६ विद्यार्थी सहभागी भएकामध्ये १९ हजार ९५ अर्थात् ५९.०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यो अघिल्ला दुई वर्षको तुलनामा सुधारिएको नतिजा हो । २०८० मा प्रदेशको समग्र उत्तीर्ण प्रतिशत ४१.५३ थियो भने २०८१ मा ५६.८७ प्रतिशत पुगेको थियो । तथापि, अझै पनि १३ हजार दुई सय ४१ विद्यार्थी अर्थात् ४०.९५ प्रतिशत विद्यार्थी असफल हुनु कर्णालीको शिक्षा क्षेत्रका चुनौती समाप्त नभएको स्पष्ट संकेत हो । यसपटक केही जिल्लाले उल्लेखनीय प्रगति गरेका छन् । मुगुले ७५.९० प्रतिशत नतिजासहित प्रदेशकै उत्कृष्ट जिल्ला बन्न सफल भएको छ। २०८० मा ४१.८९ प्रतिशत मात्र रहेको मुगुको नतिजा तीन वर्षमै झण्डै दोब्बर सुधार हुनु सकारात्मक उपलब्धि हो । रुकुम पश्चिमले पनि निरन्तर सुधार गर्दै ७९.३४ प्रतिशत नतिजा हासिल गरेको छ। कालीकोटले ३६.०२ प्रतिशतबाट बढेर ७३.१३ प्रतिशत पुर्‍याउनु अर्को उदाहरणीय उपलब्धि हो ।

सल्यान र जुम्लामा पनि सुधार देखिएको छ । यी जिल्लाका नतिजाले उचित व्यवस्थापन, नियमित पठनपाठन र विद्यालयस्तरीय उत्तरदायित्व बढाइएमा कर्णालीमा पनि गुणस्तरीय शिक्षा सम्भव छ भन्ने देखाएका छन् । तर, प्रदेशका सबै जिल्लाको अवस्था समान छैन । दैलेखको नतिजा अझै सबैभन्दा कमजोर अवस्थामा रहेको छ। २०८२ मा त्यहाँ केवल ३१.८२ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । जाजरकोटमा अघिल्लो वर्ष ८२.११ प्रतिशत पुगेको नतिजा घटेर ४५.९१ प्रतिशतमा सीमित हुनु गम्भीर चिन्ताको विषय हो । हुम्लामा पनि लगातार ओरालो लागेको नतिजाले त्यहाँको शैक्षिक अवस्था कमजोर बन्दै गएको संकेत गर्छ । डोल्पामा केही सुधार भए पनि नतिजा सन्तोषजनक बन्न सकेको छैन। प्रदेश राजधानी सुर्खेतमा समेत अपेक्षाअनुसार उपलब्धि आउन नसक्नु अर्को चुनौती हो ।

राष्ट्रिय स्तरमा २०८२ को एसईई उत्तीर्ण प्रतिशत ६५.८५ पुगेको छ। यसको तुलनामा कर्णाली अझै पछाडि छ । भौगोलिक विकटता, शिक्षक अभाव, विद्यालय पूर्वाधारको कमजोरी, आर्थिक कठिनाइ तथा नियमित पठनपाठनमा अवरोधजस्ता समस्या यहाँका पुराना चुनौती हुन् । शिक्षा क्षेत्रमा सुधारका लागि केवल परीक्षा परिणामलाई उपलब्धि मानेर सन्तुष्ट हुने अवस्था छैन । शिक्षक व्यवस्थापन, विद्यालय अनुगमन, प्रविधिमैत्री शिक्षण, विद्यार्थीको नियमित उपस्थितिलगायत पक्षमा सरकार, स्थानीय तह र अभिभावक सबैले ध्यान दिन आवश्यक छ । केही जिल्लाले देखाएको सुधारलाई आधार बनाएर कमजोर जिल्लामा विशेष कार्यक्रम लागू गर्न सकिए कर्णालीको शिक्षा क्षेत्रलाई नयाँ दिशातर्फ लैजान सकिन्छ। राज्यले वर्षेनी शिक्षाका नाममा अर्बौं लगानी गरिरहेको छ। तर, शिक्षाको गुणस्तर भने अपेक्षाकृत सुधार नहुनु आफैमा दुखद् पक्ष हो। यसले शिक्षा क्षेत्रमा लगानी गरेर मात्र पुग्दैन भन्ने तथ्य प्रमाणित गर्छ। यसर्थ, शिक्षाको गुणस्तरलाई केवल परीक्षाको नतिजाले मात्र मापन गरिनु हुँदैन । जबसम्म शिक्षाले जीवनपयोगी सीपसँगै आत्मनिर्भरताको बाटो देखाउदैन तबसम्म त्यसलाई गुणस्तरिय शिक्षा मानिदैन ।

## विश्व

# बेइजिङमा ट्रम्प-सी संवाद सहकार्यसँगै द्वन्द्वको चेतावनी

**बेइजिङ, ३१ वैशाख ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच बिहीबार बेइजिङमा भएको बहुप्रतीक्षित शिखर भेटवार्ता औपचारिक मित्रता, कूटनीतिक सङ्केत र गहिरिँदो रणनीतिक अविश्वासबीच सुरु भएको छ । ट्रम्पले सीसँगको सम्बन्धलाई 'सम्मानको विषय' भनेर प्रस्तुत गर्न खोजिरहँदा सीले भने विश्वका दुई शक्तिशाली राष्ट्रबीच सम्भावित टकरावको जोखिमबारे चेतावनी दिनएका छन् ।

"तपाईं एक महान नेता हुनुहुन्छ । कहिलेकाहीँ मानिसहरूले मैले यस्तो भनेको मन पराउँदैनन्, तर म सत्य कुरा नै भन्छु", ग्रेट हल अफ द पिपुलमा आयोजित औपचारिक भेटअघि ट्रम्पले सीको खुलेर प्रशंसा गर्दै भने, "तपाईंसँग हुनु सम्मानको कुरा हो । तपाईंको साथी हुनु पनि सम्मानको कुरा हो ।" ट्रम्पले अमेरिका र चीनबीचको सम्बन्ध अझ सुदृढ हुने विश्वाससमेत व्यक्त गरे ।

तर सीको सन्देश भने बढी सतर्क र रणनीतिक थियो । उनले विश्व समुदायले अमेरिका र चीन 'थुसिडाइड्स ट्र्याप' बाट जोगिन सक्छन् कि सक्दैनन् भनेर हेरिरहेको बताए । विदेश नीति अध्ययनमा प्रयोग हुने उक्त अवधारणाले उदाउँदो शक्ति र स्थापित शक्तिबीच प्रतिस्पर्धा अन्ततः युद्धमा परिणत हुनसक्ने खतरा औँल्याउँछ। सीले भने, "सहकार्यले दुवै पक्षलाई फाइदा पुर्‍याउँछ, जबकि द्वन्द्वले दुवैलाई हानि पुर्‍याउँछ । दुई देश प्रतिद्वन्द्वी होइन, साझेदार बन्नुपर्छ । साझा समृद्धिका लागि सहकार्य गर्दै नयाँ युगअनुसार प्रमुख राष्ट्रबीच सम्बन्धको सही बाटो तय गर्नुपर्छ।"

सीले यसअघि पनि सन् २०१४ देखि विभिन्न अवसरमा यही अवधारणा उठाउँदै आएका थिए। उनले ट्रम्पका पूर्ववर्ती राष्ट्रपति जो बाइडेनसँगका भेटवार्तामा समेत यो विषय दोहोर्‍याएका थिए । तर ट्रम्पले भ्रमणलाई सकारात्मक र मैत्रीपूर्ण बनाउने प्रयास गरिरहँदा सीले फेरि यही चेतावनी दिनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ।बेइजिङस्थित तियानानमेन स्क्वायरमा रहेको ग्रेट हल अफ द पिपुलमा ट्रम्पको स्वागत अत्यन्त भव्य रूपमा गरिएको थियो। क्यानन सलामी, सैनिक परेड, अमेरिकी र चिनियाँ राष्ट्रिय गान तथा विशाल रातो गलैँचाबीच दुवै नेताले एकअर्कासँग हात मिलाएका थिए। स्कुलका बालबालिकाले दुवै देशका झण्डा फहराउँदै स्वागत गरेका थिए।

ट्रम्पले भ्रमणका क्रममा 'टेम्पल अफ हेभन' को अवलोकन गर्ने कार्यक्रम पनि रहेको छ। १५ औं शताब्दीको उक्त धार्मिक परिसरलाई चीनमा स्वर्ग र पृथ्वीबीचको सम्बन्धको प्रतीक मानिन्छ। दुवै नेता बिहीबार राजकीय भोजमा पनि सहभागी हुने कार्यक्रम छ।

यद्यपि भ्रमणको मुख्य केन्द्र व्यापार, इरान र विश्व अर्थतन्त्रसँग जोडिएका जटिल विषय बनेका छन् । ह्वाइट हाउसले ट्रम्प कुनै ठोस उपलब्धिविना चीन नजाने स्पष्ट पारेको छ । अमेरिकी प्रशासन चीनबाट अमेरिकी सोयाबिन, गोमांस र विमान खरिदबारे प्रतिबद्धता खोजिरहेको छ। साथै व्यापार विवाद समाधानका लागि संयुक्त व्यापार बोर्ड गठन गर्ने प्रस्तावमा पनि छलफल भइरहेको जनाइएको छ ।तर इरानसँग चीनको निकट आर्थिक सम्बन्धले परिस्थितिलाई थप संवेदनशील बनाएको छ । इरान र इजरायलबीचको युद्ध तथा अमेरिकाको प्रत्यक्ष संलग्नताले विश्व बजारमा ऊर्जा सङ्कट निम्त्याएको छ। हर्मुज जलघाँटी प्रभावकारी रूपमा बन्द हुँदा तेल र प्राकृतिक ग्यास ढुवानीमा अवरोध पुगेको छ, जसले विश्वव्यापी आर्थिक वृद्धिमा दबाब बढाएको छ।

# 'फाइभजी डिजिटल' अर्थतन्त्रको नयाँ आधार



✍ **कमलकुमार बस्नेत/रासस**

वर्ल्ड इकोनोमी फोरमले 'फाइभजी' प्रविधिलाई 'इन्टेलिजेन्ट इकोनोमी'को आधार मानेको छ। उक्त संस्थाले फाइभजी प्रविधि उद्योग, शिक्षा, स्वास्थ्य, कृषि र सार्वजनिक सेवामा डिजिटल क्रान्तिका लागि आवश्यक रहेको जनाएको छ। उच्च गतिको इन्टरनेट, 'लो लेटेन्सी' र कैयौँ उपकरणलाई एकैसाथ जोड्ने क्षमताका कारण फाइभजीले कृत्रिम बुद्धिमत्ता, स्मार्ट सिटी, स्वचालित उद्योग र डिजिटल व्यापारलाई नयाँ उचाइमा पुर्‍याउन सक्ने फोरमको निष्कर्ष छ।

फाइभजीले उत्पादनशीलता, रोजगारी, नवप्रवर्तन र आर्थिक वृद्धिलाई तीव्र बनाउँदै राष्ट्रलाई चौथो औद्योगिक क्रान्तिको केन्द्रतर्फ अघि बढाउने शक्तिशाली उत्प्रेरकको भूमिका खेल्न सक्छ। हाल विश्वमा फाइभजी नेटवर्क केवल उच्च गतिको इन्टरनेट सेवा मात्र नभई मुलुकको अर्थतन्त्र रूपान्तरण गर्ने आधारभूत पूर्वाधारका रूपमा पनि हेरिन थालेको छ। नेपालजस्तो विकासशील देशको सन्दर्भमा हेर्दा यसबाट अर्थतन्त्रका धेरै क्षेत्रमा ठूलो परिवर्तन आउन सक्ने विज्ञहरू बताउँछन् ।

फाइभजी विस्तार हुँदा डिजिटल कारोबार, मोबाइल बैङ्किङ, ई-कमर्स तथा नगदरहित भुक्तानी प्रणालीलाई तीव्र गति दिन सक्छ। उद्योग क्षेत्रमा स्मार्ट मेसिन, स्वचालन र रियल-टाइम डाटा प्रयोग बढेर उत्पादन क्षमता र दक्षता वृद्धि हुने अपेक्षा गरिएको छ। कृषि क्षेत्रमा ड्रोन, स्मार्ट सेन्सर तथा डिजिटल सिँचाइ प्रणालीमार्फत उत्पादन वृद्धि र लागत नियन्त्रण सम्भव हुने देखिन्छ।

पर्यटन क्षेत्रमा भर्चुअल रियालिटी, स्मार्ट ट्राभल सेवा र डिजिटल प्रवर्द्धनमार्फत नेपाललाई अन्तरराष्ट्रिय बजारमा अझ प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिनेछ। स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, भिडियो परामर्श र रिमोट स्वास्थ्य निगरानी प्रणाली विस्तार हुँदा दुर्गम क्षेत्रका नागरिकले विशेषज्ञ सेवा पाउन सक्नेछन् । शिक्षा क्षेत्रमा अनलाइन कक्षा, डिजिटल ल्याब र एआई-आधारित सिकाइ प्रणालीले ग्रामीण र सहरी शिक्षाबीचको दूरी घटाउन मद्दत गर्ने अपेक्षा गरिएको छ।

विश्वबजारमा अभ्यासहरू हेर्ने हो भने यो प्रविधिले मेसिन तथा उपकरणलाई उच्च गतिको डेटा सेवामार्फत जोड्दै व्यापक डिजिटल रूपान्तरण दिशातर्फ उन्मुख भइरहेको छ। अझै नवीन प्रविधि 'सिक्सजी'मा पनि तयारी थालिसकेको देखिन्छ।

फाइभजीले नेपालमा आइटी, स्टार्टअप, क्लाउड कम्प्युटिङ र डाटा सेन्टर उद्योगलाई समेत गति दिने विश्वास गरिएको छ। यसले युवाहरूका लागि नयाँ रोजगारी सिर्जना गर्नाका साथै डिजिटल सेवा निर्यातको सम्भावना बढाउनेछ। काठमाडौँलगायत सहरमा स्मार्ट ट्राफिक, डिजिटल सुरक्षा तथा सार्वजनिक सेवा व्यवस्थापन प्रभावकारी बन्ने देखिन्छ। ऊर्जा क्षेत्रमा स्मार्ट ग्रिड र रियल-टाइम निगरानी प्रणालीमार्फत विद्युत् वितरणलाई व्यवस्थित बनाउन सकिनेछ।

### हामी कहाँ छौँ ?

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिना फाइभजीमा जाने विषयमा द्विविधा नभए पनि तत्काल फोरजी बन्द गरेर फाइभजीमा जाने अवस्था पनि नबनिसकेकाले सरकार फोरजीको गुणस्तर सुधार गरी अधिकतम उपयोग गर्दै फाइभजी सेवामा प्रवेश गर्ने योजनामा रहेको बताउनुहुन्छ।

उहाँले फाइभजी प्रविधि विस्तारका लागि सरकारले हालै ३३००-३७०० मेगाहर्ज ब्यान्ड खुला गर्न मार्गप्रशस्त गरेसँगै फ्रिक्वेन्सी उपलब्ध गराउने प्रक्रिया अघि बढाएको बताउनुभयो। मन्त्री डा तिमिल्सिनाले रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकले प्रतिमेगाहर्ज आधारमूल्य रु ४० लाख निर्धारण गरेको उल्लेख गर्नुभयो।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार टेलिकम सेवाप्रदायकलाई फाइभजीका लागि फ्रिक्वेन्सी उपलब्ध गराउनका लागि तयारी भइरहेको छ। प्राधिकरणका उपनिर्देशक डा प्रदीप पौड्यालका अनुसार फाइभजीका लागि फ्रिक्वेन्सी दिन तयारी गरिएको छ भने फ्रिक्वेन्सीको आधार मूल्य पनि तोकिएको छ। अबको केही समयपछि आवश्यक फ्रिक्वेन्सी अक्सन (लिलाम बढाबढ) गरेर दूरसञ्चार कम्पनीलाई दिनेगरी प्रक्रिया अगाडि बढाइने उहाँको भनाइ छ।

उपनिर्देशक पौड्यालले अब फाइभजीको परीक्षण गरिरहनुपर्ने अवस्था नरहेकाले सिधै फ्रिक्वेन्सी दिन लागिएको हो। "नेपाल टेलिकमले यसअघि काठमाडौँको सुन्धारा र बबरमहल तथा पोखरा एवं वीरगञ्जमा फाइभजीको परीक्षण गरिसकेको छ, उक्त परीक्षणमा नेपालमा पनि अन्तरराष्ट्रियस्तरमा जस्तै फाइभजी सेवा विस्तारका लागि सम्भव देखाइसकेको छ। त्यसैले अब परीक्षण गरिरहनु आवश्यक छैन, टेलिकम सेवाप्रदायकले चाहेमा फाइभजीका लागि फ्रिक्वेन्सी लिन सक्छन्", उहाँले भन्नुभयो।

निजी क्षेत्रको टेलिकम सेवाप्रदायक एनसेलले भने केही समय अघि फाइभजी परीक्षणका लागि अनुमति माग गरेको जनाएको छ। फाइभजी परीक्षणका लागि यो तेस्रो पटक आवेदन दिइएको एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले हालै एक कार्यक्रममा बताउनुभएको थियो। "आवश्यक स्वीकृतिहरू प्राप्त भएमा यो क्षेत्रमा ठूलो लगानी गरेर प्रविधि विकासलाई गति दिन हामी तयार छौँ। फाइभजी नेटवर्क, डाटा सेन्टर तथा घर-घरमा गिगाबिट फाइबर सेवा विस्तार गर्ने हाम्रो योजना छ", उहाँले भन्नुभएको थियो।

नेपाल टेलिकमका सहप्रवक्ता प्रक्षेत थापा क्षेत्रीले पनि फाइभजी सेवा सञ्चालनका कम्पनीले तयारी गरिरहेको बताउनुभयो। उहाँका अनुसार नेपाल टेलिकम नियामक निकायबाट फ्रिक्वेन्सी प्राप्त गरी प्रमुख सहरहरूमा फाइभजी सेवा सञ्चालनको योजनामा छ। "फाइभजी सेवा खरिद गर्न ठूलो लगानी गर्नुपर्ने र दूरसञ्चार क्षेत्रमा वार्षिक फ्रिक्वेन्सी दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुर, ग्रामीण दूरसञ्चार विकास कोष र रोयल्टीलगायत अत्यधिक कर, दस्तुर आवश्यक पर्ने हुँदा हालको अवस्थामा अपेक्षित प्रतिफल प्राप्तिका लागि केही नीतिगत व्यवस्थासमेत गर्नुपर्ने देखिन्छ", क्षेत्रीले भन्नुभयो।

### के हो फाइभजी ?

फाइभजी अर्थात् पाँचौँ पुस्ताको सञ्चार सेवा हो। यो हाल प्रयोग भइरहेको फोरजीपछिको आधुनिक र द्रुत सञ्चार प्रविधि हो। कृत्रिम बौद्धिकता, स्मार्ट सिटी, डिजिटल शिक्षा, टेलिमेडिसिन, क्लाउड कम्प्युटिङ, भर्चुअल रियालिटी र स्वचालित उद्योगका लागि फाइभजी महत्त्वपूर्ण मानिन्छ।

विज्ञहरूको अनुसार हाल दुई घण्टाको चलचित्र डाउनलोड गर्न थ्रिजी नेटवर्कमा औसत २६ घण्टा लाग्छ भने फोरजी नेटवर्कमा छ मिनेट, तर फाइभजीमा भने केही सेकेन्डमै डाउनलोड सम्भव हुन्छ। फाइभजी सञ्चालन भएपछि नेपालमा अल्ट्रा एचडी भिडियो, एआर-भिआर सेवा, स्मार्ट उद्योग, डिजिटल हेल्थ, स्मार्ट शिक्षा तथा आधुनिक प्रविधिको प्रयोग सहज हुनेछ।

फाइभजीको गति फोरजीभन्दा करिब १० गुणासम्म बढी हुन्छ भने यसको क्षमता सय गुणासम्म उच्च मानिन्छ। यसले १० जिबिपिएससम्म इन्टरनेट गति दिन सक्छ। साथै, प्रतिक्रिया समय निकै कम हुने भएकाले 'रियल टाइम' सेवा सम्भव हुन्छ। यसको अर्थ केवल छिटो भिडियो हेर्नु मात्र होइन, फाइभजीमार्फत टाढाबाट शल्यक्रिया, चालकविहीन सवारी, स्मार्ट कृषि, स्वचालित उद्योग, स्मार्ट ट्राफिक व्यवस्थापन, डिजिटल बैङ्किङ, अनलाइन शिक्षा र कृत्रिम बौद्धिकतामा आधारित सेवाहरू सहज रूपमा सञ्चालन गर्न सहज हुनु हो।

सरकारले डिजिटल पूर्वाधारलाई आर्थिक विकासको मुख्य आधारका रूपमा लिन थालेको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई लगानीमैत्री र डिजिटल अर्थतन्त्रतर्फ उन्मुख बनाउन सरकार केन्द्रित रहेको बताइसक्नुभएको छ। नेपालमा स्मार्टफोन प्रयोगकर्ता बढिरहेका छन्। फाइभजी सपोर्ट गर्ने मोबाइलको आयात पनि बढ्दो क्रममा छ भने डाटा प्रयोग हरेक वर्ष वृद्धि भइरहेको छ। विश्वका धेरै देशले अहिले टुजी र थ्रिजी सेवा बन्द गरिरहेका छन्। विश्व सिक्सजीतर्फ अघि बढिरहेको अवस्थामा नेपालले पनि फाइभजीतर्फ कदम बढाउन थालेको हो।

### चुनौती पनि धेरै

फाइभजी विस्तार सहज भने छैन। यसका लागि ठूलो लगानी आवश्यक पर्छ। एउटा सेवाप्रदायकका लागि मात्रै करिब रु ४० अर्बसम्म लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। नेपालको दूरसञ्चार उद्योग पछिल्ला वर्षमा दबाबमा छ। ओटिटी सेवाको वृद्धि, इन्टरनेट सेवा प्रदायकसँगको प्रतिस्पर्धा, उच्च कर र नीतिगत अस्थिरताले उद्योगको आम्दानी र नाफामा असर परेको देखिन्छ।

नेपाल टेलिकमका सहप्रवक्ता क्षेत्रीले फाइभजी सेवा सुरु गर्नुभन्दा पहिले नीतिगत सहजता आवश्यक रहेको बताउनुभयो। "फाइभजीका लागि ठूलो लगानी गर्नुपर्छ, तर टेलिकम कम्पनीहरूको घट्दो आम्दानीको ग्राफले कम्पनीहरू फाइभजीका लागि नीतिमा सुधार आवश्यक रहेकामा प्रष्ट छन्", उहाँको भनाइ छ। एनसेलका प्रमुख कार्यकारी अधिकृत फोले नेपाललाई डिजिटल अर्थतन्त्रमार्फत समृद्धिको नयाँ चरणमा लैजान दूरसञ्चार पूर्वाधारमा तीव्र लगानी आवश्यक रहेको बताउनुहुन्छ। उहाँका अनुसार डिजिटल कनेक्टिभिटी अब ऐच्छिक सेवा रहेन, यो आधारभूत आवश्यकता बनिसकेको छ। "दूरसञ्चार, एआईलगायत क्षेत्रमा नेपालमा अझै पर्याप्त लगानी हुन सकेको छैन, जसले गर्दा हामी विश्वव्यापी प्रगतिभन्दा पछाडि परिरहेका छौँ", फोलेले भन्नुभयो।

जानकारहरूका अनुसार फाइभजी सफल बनाउन केवल नेटवर्क निर्माण मात्र पर्याप्त हुँदैन, त्यसका लागि दीर्घकालीन नीति स्थिरता, स्पेक्ट्रम शुल्कमा सहजीकरण, उपकरण आयातमा कर छुट, डिजिटल सुरक्षा कानुन र स्थिर व्यापार मोडल पनि आवश्यक हुन्छ।




## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । फाइदाका पछि लाग्दा सम्बन्ध बिग्रन सक्छ । खर्च बढ्नुका साथै अर्थ अभाव महसुस हुनेछ ।

**वृष** — चिताएको कामले राम्रै लाभ दिलाउनेछ । साझेदारीमा पनि राम्रो फाइदा हुनेछ । आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ ।

**मिथुन** — विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ ।

**कर्कट** — स्वास्थ्य कमजोर रहनाले काम सम्पादन गर्न नसकिएला । समयमा काम पूरा नहुनाले अवसर गुम्न सक्छ । जिम्मेवारी भने बढिरहनेछन् ।

**सिंह** — पहिलेका समस्या दोहोरिन सक्छन् । स्वास्थ्यमा कमजोरी र उपचारमा खर्च हुने योग छ । मुख्य काममा बाधा हुने देखिन्छ ।

**कन्या** — सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् भने परिवारजनको साथले थप उत्साह जगाउनेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै रमाइलो भेटघाट

**तुला** — दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**वृश्चिक** — समयलाई पछ्याउन नसक्दा दुःख पाइनेछ । भौतिक साधन बिग्रनाले पनि लक्ष्य प्राप्त गर्न नसकिएला । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ ।

**धनु** — चिताएको काम बिग्रनाले परिस्थिति अलि प्रतिकूल रहनेछ । पेसा-व्यवसायमा सोचेको लाभ नउठ्न सक्छ । साझेदारीमा समस्या आउनेछन् ।

**मकर** — परिश्रम परे पनि समय निकै फलदायी रहनेछ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ ।

**कुम्भ** — अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ । अध्ययनमा धेरै समय दिन नसकिएला । अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ ।

**मीन** — पहिलेको सफलताले हौसला जगाउनेछ । आफन्तको सान्निध्य र अभिभावाकको स्नेह प्राप्त हुनेछ । स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

## सरकारी वरपरका पसल अनुगमन :

# फोटोकपी र पिउने पानीमा ठगिँदै उपभोक्ता

युग संवाददाता
टीकापुर, ३१ वैशाख ।
कैलालीको टीकापुरका सरकारी कार्यालयहरु इलाका प्रशासन कार्यालय, मालपोत, नापीलगायत कार्यालय वरिपरिका व्यापारीले उपभोक्ताबाट महँगो शुल्क असुली रहेको पाइएको छ। टीकापुर नगरपालिका सहित बजार अनुगमन टोली त्यहाँ पुग्दा सरकारी कार्यालय वरिपरिका पसलमा फोटोकपी र पिउने पानीमा दोब्बर रकम लिएको पाइएको छ।



प्रतिपेज रु पाँच लिनुपर्नेमा प्रतिफोटोकपी रु १० लिने गरिएको छ भने पिउने पानी प्रतिबोत्तल रु २० लिनुपर्ने भए पनि २५ देखि ३० सम्म लिने गरेको भेटिएको हो। टीकापुरका भेषराज नायक फोटोकपी गर्दा महँगो शुल्क तिर्नुपरेको बताउँछन। ''फोटोकपी गर्दा रु १० लिन्छन्, यो साह्रै महँगो भयो'', उनी भन्छन, ''मूल्यमा एकरुपता हुनुपर्छ। यहाँ मानिसको बाध्यता हुन्छ।''

लेखापढी व्यवसायी धनबहादुर बुढा पनि महँगो शुल्क तिरेर फोटोकपी गरिरहेका बताउँछन। ''यहाँ आउने उपभोक्तालाई बाध्यता छ, गर्ने भए गर, नभए गर्दैनौं भन्छन्'', उनले भने, ''ग्राहकलाई टाढा जानुभन्दा यही गर्ने गरेका छन्।''

सेवाग्राही धनबहादुर बोहराले पानी रु ३० रुपैया बोत्तल किनेर खाए। उनलाई मूल्य कम छ भन्ने थाहा भए पनि ठगिरहेको बताउँछन। उहाँ जस्तै अन्य नागरिक पतिराम चौधरी र शान्तराज शर्मा पानी र फोटोकपीमा यसैगरी ठगिएका छन्। ''मूल्यमा ठगिन हुँदैन भन्ने मेरो पनि भनाइ छ, तर सुधार गर्न सकिएको छैन'', शान्तराजले भने, ''रु १२ मा किनेको पानी हामीले किनेर खाँदा रु ३० पुग्छ। यसमा सुधार आवश्यक छ।''

व्यापारी सञ्जय चौधरीले फोटोकपी गरेको रु १० रुपैया लिने गर्नुभएको छ। सबै ब्यापारीले रु १० लिन भनेपछि उनले १० रुपैयाँ लिने गरेको बताए। अर्का व्यापारी नृप ठकुल्ला भने रु पाँच रुपैयामै फोटोकपी सेवा दिने गरेको बताउँछन। ''मैले नियमिति रुपमा रु पाँच मै फोटोकपी गर्ने गरेको छु'', उनी भन्छन, ''अन्तको मलाई थाह छैन।'' कानुन व्यवसायी मुक्तिप्रसाद शर्मा मालपोत कार्यालय वरिपरि रहेका व्यापारीले फोटोकपी र पानीमा धेरै ठगी गरिरहेका, आफूहरु महँगो शुल्क तिर्न बाध्य भएकाले यस्ता कुरामा अनुगमन गर्न र सुधार गर्न आग्रह गर्छन। ''पालिकाले नियमित अनुगमन गर्नुपर्छ, सरकारी कार्यालय वरिपरि उपभोक्तामाथि ठगी भइरहेको छ'', उनले भने, ''दैनिक सयौं उपभोक्ता ठगिन्छन्, यसमा सुधार गरौं।''

टीकापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले तोकिएको मूल्यभन्दा बढी नलिन व्यापारीलाई आग्रह गर्दै, धेरै लिएको भेटिए कानुन बमोजिम कारबाही हुने बताए। ''पहिलो पटक बढी मूल्य नलिन आग्रह गरिएको छ। हामी नियमित अनुगमन गरिरहेका छौं'', उनले भने, ''मूल्यमा ठगी गर्ने, गुणस्तरहिन सामग्री बिक्री गर्नेलाई कानुनमा व्यवस्था भए बमोजिम कारबाही हुनेछ। बजारलाई व्यवस्थित बनाउन र उपभोक्तामैत्री बनाउन सबैको सहयोग आवश्यक छ।''

यसका साथै पालिकाले अनुगमनका क्रममा टीकापुरका केक तथा बेकरी पसलमा म्याद नाघेका खानेकुरा प्रयोग भएको भेटाएको छ। केक बनाउँदा प्रयोग हुने सामग्री म्याद नाघेका, बिग्रिएका पाइएका छन्। अनुगमनका क्रममा केक बनाउँदा प्रयोग हुने म्याद नाघेका, बिग्रिएका सामग्रीको पालिकाले पहिलो पटक बरामद गरेको छ। नगरपालिकाको सरसफाइ उपशाखा प्रमुख लोकबहादुर बुढाले केक बनाउँदा राम्रो सुगन्धका लागि प्रयोग हुने सामग्री, खान नहुने रङको प्रयोग, सरसफाइको कमी, बेकिङ पाउडर, बेकिङ सोडा म्याद नाघेका, बर्थडेमा पट्काएर आवाज निकाल्ने वा रङ्गीन कागज उड्ने सामग्री 'पार्टी पपर' बरामद गरी व्यापारीलाई सचेत गराइएको जानकारी दिए।

त्यस्तै टीकापुरमा सञ्चालित फार्मेसी तथा क्लिनिक, विशेषज्ञ सेवा, डेन्टल सेवाको अनुगमनसमेत गरिरहेको छ। अनुगमनका क्रममा मेडिकल केही नवीकरण नभएका, विशेषज्ञ सेवाका लागि अनुमति नलिएका, पटकपटकको निर्देशन कार्यान्वयन नगरेको पाइएकाले ७ दिनको समय दिइएको स्वास्थ्य शाखा प्रमुख बलबहादुर रावलले बताए।

# एमयूको उपकुलपतीको जिम्मेवारी पौडेललाई

युग संवाददाता
सुर्खेत, ३१ बैशाख ।
मध्यपश्चिम विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी प्राध्यापक डा. नारायणप्रसाद पौडेललाई दिइएको छ। सरकारले अध्यादेश जारी गरेपछि रिक्त रहेको पदमा उनलाई अस्थायी रूपमा जिम्मेवारी दिइएको हो।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थायी पदपूर्ति नभएसम्म विश्वविद्यालयको दैनिक प्रशासनिक तथा शैक्षिक कामकाज सञ्चालन गर्ने जिम्मा पौडेललाई दिएको जनाएको छ। डा. पौडेल यसअघि विश्वविद्यालयको रजिस्ट्रारका रूपमा समेत कार्यरत रहिसकेका छन्।

सरकारले अध्यादेशमार्फत पूर्व उपकुलपति प्राध्यापक डा. ध्रुवकुमार गौतमलाई पदमुक्त गरेपछि उक्त पद खाली भएको थियो। नयाँ जिम्मेवारीसँगै विश्वविद्यालयको प्रशासनिक गतिविधि प्रभावकारी रूपमा सञ्चालन हुने अपेक्षा गरिएको छ।

## VACANCY ANNOUNCEMENT

**Published Date**: 29th Baisakh, 2083

**Valley Meridian Academy (VMA)**, a leading educational institution in the valley is an eminent as well as a high performing school that primarily focuses on **progressive education** in recent years for all-rounded development of the students incorporating experimental and activity based teaching-learning approach with immediate effect. As we are expanding our team, we invite applications from well-qualified, experienced, dedicated and self-motivated candidates in the following post listed below:

1. **Post** : **Secondary Level Computer Teacher**
   **Required No** : **1 (One)**
   **Qualification** : **Bachelor or Master's Degree in Computer Science** with at least **2 years** of working experience in the relevant field
   **Eligibility** : Must possess strong command over written and spoken English
   **Salary** : **NRs. 40,000 + Allowance** per month
   **(Salary is paid on a monthly basis)**

Interested candidates having proficiency and a positive attitude are highly encouraged to send their resume along with the **cover letter** at valleymeridian2063@gmail.com or drop in to the school office in person to apply until 3rd Jesth, 2083.

*Only shortlisted candidates will be called for the further recruitment procedure.*

**Valley Meridian Academy (VMA)**
Birendranagar-09, Latikoili, Surkhet
Contact No. : 083-520587, 9858052921

## प्रथम...

तथा पर्यटन क्षेत्रका विज्ञहरूको सहभागिता रहनेछ।शाहीले भने, 'कर्णाली प्रदेश प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, धार्मिक सम्पदा, साहसिक पर्यटन तथा अद्वितीय गन्तव्यहरूको धनी प्रदेश भए पनि अझै पर्याप्त रूपमा विश्वसामु परिचित हुन नसकेको अवस्था छ। सम्मेलनमार्फत पर्यटन प्रवर्द्धन, लगानी आकर्षण तथा व्यावसायिक सहकार्य विस्तार गर्ने लक्ष्य सम्मेलनको छ।'

उनले कार्यक्रम केवल पर्यटन व्यवसायीहरूको भेटघाटमा सीमित नरही खरिदकर्ता र बिक्रेताबीच प्रत्यक्ष संवादको अवसर बन्ने बताए। सम्मेलनमार्फत कर्णालीका होमस्टेदेखि ठूला होटलसम्म तथा रारादेखि शे-फोक्सुण्डोसम्मका पर्यटन प्याकेजलाई सिधै अन्तर्राष्ट्रिय बजारसँग जोड्ने

# अनाथ बालबालिकाको अभिभावक स्थानीय निकाय

युग संवाददाता
कैलाली, ३१ वैशाख ।
कैलालीको टीकापुर नगरपालिका अनाथ तथा असहाय बालबालिकाको अभिभावकत्व निर्वाह गर्न थालेको छ। नगरपालिकाभित्र स्थायी बसोबास गर्दै आएका अनाथ तथा असहाय बालबालिकाहरुलाई शिक्षा, स्वास्थ्यलगायत आधारभूत आवश्यकताहरुको पहुँचमा ल्याएर त्यस्ता बालबालिकाको संरक्षण गर्दै अभिभावकत्व निर्वाह गर्न थालेको हो।

विसं २०८१ मा अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि कार्यान्वयनमा आएसँगै १७ जना बालबालिकाको अभिभावकत्व नगरपालिकाले निर्वाह गर्दै आएको छ।

गत भदौबाट नगरपालिकाको वडा नं. १ स्थित सरस्वती माध्यमिक विद्यालयमा त्यस्ता बालबालिकाहरुलाई आवाससहितको व्यवस्थापन गरेर राखिएको छ। त्यहाँ कक्षा १ देखि ९ सम्म अध्ययन गर्दै आएका अनाथ तथा असहाय बालबालिकाले आश्रय विद्यालयमै लिएर अध्ययन गरिरहेका छन्।

कार्यविधि अनुसार नगरपालिकाले एक विद्यार्थी बराबर वार्षिक रु ६० हजार खर्च गर्दै आएको छ। बालबालिकाले अति आवश्यक सामग्री खरिदका लागि प्रति बालबालिका रु ५०० का दरले वार्षिक रु छ हजार नगद नै प्राप्त गर्ने गरेका छन्।

"यहाँ घरायसी वातावरणमा अभिभावकको अभाव अनुभूति नहुने गरी हामीले बालबालिकाको हेरचाह गर्दै आएका छौं।" विद्यालयका प्रधानाध्यापक खगेन्द्रबहादुर घर्तीले भने, "उहाँहरुलाई आवश्यकताअनुसार सुविधा प्रदान भइरहेको छ। शिक्षामा अझै बढी ध्यान दिइएको छ।", उनका अनुसार बालबालिकाको सबै आवश्यक व्यवस्थापनको जिम्मा विद्यालय प्रशासनले नै लिएको छ।

नगरपालिकाले एकमुष्ट विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई बजेट भुक्तानी गर्दै आएको छ। त्यही रकम विद्यालयले मापदण्डअनुसार खर्च गर्दै आएको प्रधानाध्यापक घर्तीले बताए। अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालनमा आएको धेरै समय नभएका कारणले बालबालिका कम आएको हुनसक्ने अनुमान गरिएको छ।

## गुणस्तरीय...

पनि यही विषय उच्च प्राथमिकतामा परेको छ। सार्वजनिक दोस्रो पञ्चवर्षीय योजनामा कर्णाली प्रदेशमा आगामी पाँच वर्षभित्र दुई सय ५० मेगावाट विजुली उत्पादन गर्ने महात्वाकांक्षी योजना अघि सारिएको छ।

कर्णाली प्रदेश योजना आयोगले तयार पारेको दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/०८२-०८५/०८६) मा संघीय सरकारको समन्वयमा विकास साझेदार र निजीक्षेत्रसँगको साझेदारी र लगानीमा जलविद्युत् का विभिन्न आयोजना विकास तथा सञ्चालन भई दुई सय ५० मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुने दाबी गरिएको छ।

यद्यपी, सरकारको काम गराइको ढाँचा हेर्ने हो भने यो लक्ष्य प्राप्त गर्न लगभग मुस्किल जस्तै देखिन्छ। जलविद्युत् उत्पादन, वितरण तथा उपयोगमा निजीक्षेत्र तथा विकास साझेदारको भूमिका र जलस्रोत तथा जलविद्युत्, स्वच्छ ऊर्जा उत्पादन, उपयोग र निर्यातमा संघ तथा प्रदेश सरकारले प्राथमिकता दिएकाले सो परिमाणमा विद्युत् उत्पादन गर्न सकिने योजना आयोगको दावी छ।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### करारमा शिक्षक छनोट सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०१)

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८३/०१/३१ गतेको निर्णय बमोजिम यस नगरपालिकाको शिक्षा ऐन, २०७४ (तेस्रो संशोधन) को दफा २४ को उपदफा (२) वमोजिम देहायको विद्यालयका लागि तपसिल वमोजिमको शिक्षक पदमा यस नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम देहायको पदमा खुला प्रतिस्पर्धात्मक प्रक्रियावाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| क्र.स. | विज्ञापन नं. | विद्यालयको नाम, ठेगाना | पद | तह/श्रेणी | प्रकार | विषय | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २५/२०८२/०८३ | श्री अमरज्योति मा. वि. वीरेन्द्रनगर-१२, सुर्खेत | शिक्षक | माध्यमिक तृतीय | करार (नगर अनुदान) | विज्ञान | १ |

विस्तृत जानकारीका लागि यस नगरपालिकाको वेबसाईट www.birendranagarmun.gov.np मा हेर्नुहुन वा यसै कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा/प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

श्री बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित
## बि.जी. एकेडेमी एण्ड रिसर्च सेन्टर
वीरेन्द्रनगर-९, लाटीकोईली, सुर्खेत

### शिक्षक कर्मचारी आवश्यकता सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२९)

बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित यस विद्यालयमा रिक्त हनु आएको तपशिलमा उल्लेखित विवरण बमोजिम पदमा शिक्षक तथा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरीकहरुबाट मिति : २०८३।०१।२९ गतेदेखि जेष्ठ १२ गतेसम्म आईपुग्ने गरी आफूले प्राप्त गरेका सम्पुर्ण प्रमाणपत्र सहित दरखास्त आव्हान गरिन्छ।

| विज्ञापन नं. | पद | आवश्यक संख्या | आवश्यक न्यूनतम योग्यता | वाञ्छनीय योग्यता | सेवा सुविधा |
|---|---|---|---|---|---|
| ०४-२०८२/०८३ | बिषय शिक्षक (कम्प्यूटर बिषय) कक्षा १ देखि ५ सम्म | १ जना | कम्प्यूटर विज्ञान, आई.टि. वा सम्बन्धित बिषय वा क्षेत्रमा स्नातकतह अध्ययनरत | माथिल्लो योग्यता भएको, प्रथम श्रेणीमा उतीर्ण, अध्यापन अनुमती पत्र भएको, योग्य, अनुभवी, प्रविधिमैत्री शिक्षणमा दक्ष, अंग्रेजी भाषामा दखखल भएको व्यक्तिलाई ग्राहयता दिईने छ। | संस्थाको नियमानुसार सेवा सुविधा रहेको। |
| ०५-२०८२/०८३ | खेलकुद शिक्षक | १ | शारिरिक शिक्षा, खेलकुद विज्ञान, वा सम्बन्धित बिषय वा क्षेत्रमा स्नातकतह अध्ययनरत | ५ देखि १२ बर्षका उमेर समुहका बालबालिकाहरुलाई दैनिक रुपमा खेलकुद तथा शारिरिक शिक्षा सिकाउन सक्ने, विभिन्न खाले खेलहरु खेलाउने, खेलकुद प्रतियोगिता आयोजना गर्ने र विद्यालयको कार्यक्रमहरुमा खेलकुदसंग सम्बन्धित प्रर्दशनीहरु आयोजना गर्ने, खेलकुदका सामाग्री प्रयोग तथा सुरक्षा व्यवस्था कायम गर्नसक्ने अनुभव भएको। | संस्थाको नियमानुसार |
| ०६-२०८२/०८३ | लेखापाल | १ | व्यवस्थापन संकायमा +२ वा प्रविणता प्रमाण पत्र तह उतिर्ण गरी स्नातकतह अध्ययनरत | दैनिक वित्तिय कारोबार व्यवस्थापन गर्नसक्ने, लेखापालन एवं लेखाका अभिलेख व्यवस्थापन गर्न सक्ने, मासिकरत्रैमासिकरबार्षिक वित्तिय प्रतिवेदनहरुका साथै कर्मचारी तलब र बजेट विवरणहरु तयार गर्न सक्ने, मासिक शुल्क संकलन गर्ने तथा विभिन्न सप्लायर्सहरुलाई रकम भुक्तानी गर्ने एवं कर व्यवस्थापन सम्बन्धमा ज्ञान भएको व्यक्तिलाई ग्राहयता दिईने छ। | संस्थाको नियमानुसार |

१. दरखास्त फारम भर्ने तरीका र पेश गर्नुपर्ने कागजातहरु : दरखास्त फारम विद्यालय वा बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि. को शाखा कार्यालयहरु वा संस्थाको आधिकारीक वेव साईट www.bgmcl.com/career वाट डाउनलोड गरी रीत पुर्वक भरी संस्थाको नजिक पायक पर्ने शाखा कार्यालयहरुमा निम्न बमोजिम कागजातहरु र रु. ३०० (अक्षरेपीः तिन सय मात्र) दरखास्त दस्तुर सहित मितिः २०८३।०२।१२ गतेसम्ममा कार्यालय समय भित्र बुझाउनु पर्नेछ।
क) नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपी ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
ग) फोटो सहितको व्यक्तिगत विवरण (CV) घ) सम्बन्धित तालिमको प्रमाणपत्र-अनुभव पत्र
२. भर्ना छनौट प्रकृया : यस पदका लागी योग्यता पुगेका उम्मेद्धारहरुबाट अन्तिम मितिसम्म रितपुर्वक आएका दरखास्त फारमहरु उपर आवश्यक कार्यवाही गरि संस्थाको केन्द्रिय कार्यालयमा अन्तरवार्ता एवं सिप परीक्षण कार्यक्रम आयोजना गरी उत्कृष्ट उम्मेद्वारहरु संस्थाको सेवाका लागि भर्ना छनौट गरीनेछ।
३. विस्तृत जानकारीको लागी सम्पर्क नं.: ०८३-५२१९६९, web: www.bgmcl.com/career, FB : www.facebook.com/BGMCL

**पदपूर्ति समिति**
**बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.**
**वीरेन्द्रनगर-०९, लाटिकोईली सुर्खेत।**

# स्वच्छ वातावरण निर्माणमा अधिकारकर्मीहरुको जोड

**युग संवाददाता**
**सुर्खेत, ३१ बैशाख ।**

अधिकारकर्मीहरुले हरेक नागरिकले स्वच्छ वातावरणमा जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चितता हुनुपर्ने माग गरेका छन् । बिहिबार मानव अधिकारका क्षेत्रमा काम गर्ने अनौपचारिक सेवा केन्द्र (इन्सेक) द्वारा आयोजित वातावरण र मानव अधिकार विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै अधिवक्ता गीता कोइरालाले वातावरण र मानव अधिकार सम्बन्धिको मौलिक हक संविधानले समेत प्रत्याभुत गरेको उल्लेख गर्दै हरेक नागरिकलाई स्वच्छ वातावरणमा बाँच पाउने अधिकारको ग्यारेण्टी राज्यले गुर्नपर्नेमा जोड दिइन ।




'संविधानको धारा ३० ले स्वच्छ वातावरणमा जिउन पाउने मौलिक अधिकार प्रत्याभूत गरेको छ,' उनले भनिन्, 'प्रदुषिद वातावरणका कारण मानव अधिकार हनन् भइरहेकाले स्वच्छ वातावरणमा बाच्न पाउने अधिकार राज्यले सुनिश्चित गर्नुपर्छ ।' संविधानले मौलिक अधिकारको अक्षरस कार्यान्वयन गर भनेको भएपनि राज्यको व्यवहारमा ठिक उल्टो भइरहेको टिप्पणी गर्दै उनले वातावरण स्वस्थ राख्न सबै मिलेर अघि बढ्नु पर्नेमा जोड दिइन ।

त्यस्तै, अभियान्ता हरि बादीले प्रदुषित वातावरणकै कारण आफ्नो समुदायमा असर परेको बताए । आफुहरु २०४६ सालबाट झुप्रा खोलामा बस्दै आएको भएपनि राज्यले उचित व्यवस्थापनमा ध्यान नदिएको पनि उनले बताए । 'मानव अधिकार भनेको स्वतन्त्र बाच्न पाउने अधिकार हो । तर, बादी समुदायले यसको उपयोग गर्न पाएका छैनन् । नगरपालिकाले गिट्टी बालुवा ठेक्का दिन थालेपछि हाम्रो पेशा नै संकटमा परेको छ ।'

उनले वातावरणको स्वरुप नै बिग्रने गरि बालुवा गिट्टी तान्दा बस्ती जोखिममा परेको दुखेसो पोखे । उनले खोला छेउका बस्तीमा बसेकालाई सरकारले हटाइ दिने भनेपछि बादी समुदाय त्रसित बनेको दावी गरे । बादी बस्तीलाई उचित व्यवस्थापन नगरी नउठाइ दिन उनले आग्रह गरे । झुप्रा खोला नजिक फालिएको फोहरका कारण दुषित पानी पिउन बाध्य भएको उनको भनाइ छ । यस्तै, मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक त्रिभुन विसीले विनास बिनाको विकास सम्भव छ वा छैन भन्ने विषयमा पैरवी हुनुपर्ने बताए । सामाजिक, आर्थिक र सांस्कृतिक पक्ष स्वच्छ, स्वस्थ र सुरक्षित भएमात्रै समाज सुरक्षित हुने उनको भनाई थियो ।

'स्वच्छ वातावरणबिना मानवअधिकार रक्षा हुँदैन र नागरिक सचेत नभए संवैधानिक अधिकार सुनिश्चित हुन्छ,' उनले भने, 'जल, जंगल र जमिनको सहि सदुपयोग हुनपर्ने हो तर हामीकहाँ विकासका नाममा वातावरण बिगार्ने कामले तीव्रता पाएको छ ।' महिला अधिकारकर्मी जरमाया बाठाले वीरेन्द्रनगरका बधशालाले नागरिकको स्वास्थमा गम्भीर असर पारेका प्रति नियामक निकायको ध्यानकर्षण गराइन ।

उनले वीरेन्द्रनगर बजार क्षेत्रबाट उत्पादन हुने फोहरमा आगो लगाइदा जनस्वास्थ्यमा परिरहेको गम्भीर असरका बारेमा बेलैमा सचेत रहनुपर्ने बताइन । यस्तै, हरित अभियान्त किरणकिशोर सापकोटाले वातावरण संरक्षणमा मितव्यिता र न्यूनिकरणको सिद्धान्त अपनाउनु पर्नेमा जोड दिए ।

कर्णाली प्रदेशसभा सदस्य दुर्गबहादुर रावतले मानव जीवन जोगाउन वातावरण संरक्षण आवश्यक रहेको बताए । अन्तराष्ट्रिय सन्धि, सम्झौता गर्ने तर कार्यान्वयन गर्ने तहमा ठुलो समस्या रहेको उनको दावी छ । मानव अधिकार रक्षक संजालका कर्णाली प्रदेश संयोजक पीताम्बर ढकालले वातावरणमैत्री कानुन निर्माणमा जोड दिए । वातावरण स्वच्छ भएमात्रै स्वस्थ मानव समाजको कल्पना गर्न सकिने उनको भनाई थियो । यस्तै, मानव अधिकार आयोग कर्णाली प्रदेशका प्रमुख रमेशकुमार थापाले वातावरण र मानव अधिकारको विषय बहुआयामिक भएकाले यसलाई नजरअन्दाज गर्न नुहनेमा जोड दिए ।

विकास मानव अधिकारमैत्री हुनपर्ने बताउदै उनले वातावरण अधिकार संरक्षण गर्न छुट्टै नीतिगत व्यवस्था हुनुपर्नेमा जोड दिए । इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले वातावरणका विषयमा चिन्तन गर्न ढिला गरिए भावि पुस्तालाई ठुलो असर पर्ने बताए । प्रकृति र मानवबिचको द्वन्द्वले पार्दै गएको असर न्यूनिकरणमा सबैको हातेमालो आवश्यक रहेकोमा उनको जोड थियो ।

# बर्दिया अस्पतालबाट बिरामी रित्तै फर्किन बाध्य

**सरला सुवेदी**
**बर्दिया, ३१ बैशाख ।**

बर्दियाको गुलरियास्थित बर्दिया अस्पतालमा निःशुल्क वितरण गरिने औषधिको चरम अभाव भएपछि उपचारका लागि आएका सयौं बिरामी मर्कामा परेका छन् । अस्पतालमा सहजै पाइने औषधि समेत नपाइएपछि बिरामीहरू बजारका निजी मेडिकल धाउन बाध्य भएका छन् भने धेरैलाई महँगो मूल्य तिरेर औषधि किन्नुपर्ने अवस्था सिर्जना भएको छ ।

विशेषगरी विपन्न, दैनिक ज्यालादारी गर्ने, वृद्धवृद्धा तथा सुत्केरी महिलाहरू यस समस्याबाट सबैभन्दा बढी प्रभावित भएका छन् । अस्पतालमा निःशुल्क पाइने औषधि नपाएपछि कतिपय बिरामी उपचार नै अधुरो छोडेर फर्किन बाध्य भएका छन् भने केहीले औषधि खोज्न टाढा-टाढासम्म धाउनुपरेको गुनासो गरेका छन् ।

गुलरिया नगरपालिका-८ की राधिका लोध सुत्केरी भएको केही दिनपछि नियमित स्वास्थ्य जाँचका लागि बुधबार बर्दिया अस्पताल पुगेकी थिइन् । सुत्केरी महिलालाई आवश्यक पर्ने आइरन चक्की अस्पतालबाट नपाएपछि उनी निराश हुँदै फर्किनुपर्‍यो । स्वास्थ्यकर्मीले सुत्केरी भएको ४५ दिनसम्म नियमित आइरन चक्की सेवन गर्न सुझाव दिए पनि अस्पतालमै औषधि नपाउँदा उनले निजी मेडिकलबाट खरिद गर्नुपरेको बताइन् ।

"सरकारी अस्पतालमा निःशुल्क पाइन्छ भनेर आएका हौं, तर बजारमा गएर किन्नुपर्‍यो," उनले भनिन्, "अहिलेको महँगीमा औषधि किन्न पनि गाह्रो छ, झन् टाढाबाट आउनुपर्दा खर्च दोब्बर भएको छ ।" यस्तै, पखाला लागेपछि उपचारका लागि अस्पताल पुगेका गुलरिया-११ का रियाज गद्दीले समेत जीवनजल नपाएपछि निजी पसलबाट किनेर ल्याउनुपरेको गुनासो गरे । सामान्य बिरामीका लागि अत्यावश्यक मानिने जीवनजलजस्तो औषधि समेत अस्पतालमा अभाव हुनु दुःखद भएको सेवाग्राहीहरूको भनाइ छ ।

अस्पतालमा निःशुल्क पाइने औषधि नहुँदा दैनिक सयौं बिरामी प्रभावित भइरहेको अस्पताल स्रोतले जनाएको छ । उपचारका लागि अस्पताल आउने धेरैजसो बिरामी आर्थिक रूपमा कमजोर वर्गका हुने भएकाले उनीहरूलाई निजी मेडिकलबाट औषधि खरिद गर्नु थप आर्थिक बोझ बनेको छ ।

लुम्बिनी प्रदेश सरकारले जिल्ला अस्पतालहरूमा ९८ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको भए पनि बर्दिया अस्पतालमा पछिल्लो दुई महिनादेखि आधाभन्दा बढी औषधिको अभाव रहेको अस्पतालका स्टोर फाँट प्रमुख अविनाश थारुले बताए ।

उनका अनुसार अहिले अस्पतालमा सिटामोल, जीवनजल, आइरन चक्की, बुफ्रिनलगायत अत्यावश्यक औषधिसमेत सकिएको अवस्था छ । सुगर, उच्च रक्तचाप, कोलेस्ट्रोललगायत दीर्घरोगका बिरामीलाई निःशुल्क वितरण गरिने धेरै औषधि पनि उपलब्ध छैनन् ।

# बाँकेमा विद्युत् महसुल नतिर्ने सेवाग्राहीको 'लाइन' विच्छेद गर्ने अभियान

**युग संवाददाता**
**बाँके, ३१ वैशाख ।**

नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रले विद्युत महसुल समयमै भुक्तानी नगर्ने पाँच हजार बढि सेवाग्राहीको 'लाइन' विच्छेद गरिदिएको छ । वितेको पाँच महिनाको अवधिमा लामो समयदेखि महसुल रकम नतिर्ने करिब पाँच हजार ५०० ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली प्रक्रिया सुरु गरेको नेपाल विद्युत् प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रका प्रमुख सञ्जयकुमार मिश्रले जानकारी दिए ।

उनका अनुसार, लामो समयदेखि महसुल रकम नतिर्ने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियान सुरुआत गरेपछि नेपालगञ्ज वितरण केन्द्रले करिब रु पाँच करोड बक्यौता असुल गर्न सफल भएको छ । "बितेको पाँच महिनाको अवधिमा हामीले करिब साढे ५ हजार ग्राहकको लाइन काटेका छौं । यसबाट बक्यौता रकम करिब रु छ करोड ३० लाख हुन गएको छ", उनले भने, "लाइनविच्छेद गरेका मध्ये करिब चार हजार ५०० ग्राहकबाट विद्युत् लाइन पुनःजडान भई करिब रु पाँच करोड बक्यौता असुल भएको छ ।" वितरण केन्द्रले लामो समयसम्म महसुल नबुझाउने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियानलाई निरन्तर रुपमा सञ्चालन गरिहेको छ । विद्युत् आपूर्ति सुधार र अनियमितता नियन्त्रणका लागि अनुगमनलाई तीव्र बनाएको केन्द्र प्रमुख मिश्रले बताए ।

विद्युत् लाइन प्रयोग गरेवापतको महसुल ६० दिनभित्र तिर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । उक्त अवधिभित्र बिल भुक्तानी नतिर्ने उपभोक्तामाथि अब स्वचालित रूपमा कारबाही हुनेछ । बक्यौता नतिर्ने ग्राहकको लाइन विच्छेद अभियानले ग्राहकलाई समयमै बिल तिर्नुपर्ने सचेतना जगाएको उनको भनाइ छ । बाँके जिल्लामा विद्युत् सेवा सुधार र चुहावट नियन्त्रणको लागि नेपालगञ्ज वितरण केन्द्रले मिटर अनुगमन, हुकिङ गर्ने वा मिटरमा गडबडी गर्ने ग्राहकहरुमाथि सार्वजनिक बिदाका दिनसमेत स्थलगत निरीक्षण गर्दै सिँचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे अनुगमन गरिरहेको छ ।

# वीरेन्द्रनगरबाट आठ जुवाडे पक्राउ

**युग संवाददाता**
**सुर्खेत, ३१ बैशाख ।**

जिल्ला प्रहरी कार्यालय सुर्खेतले आठ जना जुवाडेलाई पक्राउ गरेको छ । जिल्लाको वीरेन्द्रनगर नगरपालिका-७, फुलबारी टोलस्थित जनक रोकायको घरमा नगद राखी जुवा खेलिरहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

उनीहरुको साथबाट ९५ हजार एक सय ६६ रुपैयाँ नगद, ६ गड्डी तास र नौ थान मोवाइल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढथापाले जानकारी दिए । पक्राउ परेकाहरु जुम्लाको सिंजा गाउँपालिका स्थायी ठेगाना भई हाल वीरेन्द्रनगर-७, मा बस्दै आएका थिए ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा ४२ वर्षीय मनबहादुर बुढा, ४४ वर्षीय लक्ष्मण रोकाय, ३० वर्षीय लालबहादुर बुढा ३४ वर्षीय लङ्कबहादुर बुढा । ४५ वर्षीय गम्भीर रावत, ३० वर्षीय विष्णु बुढा, ३१ वर्षीय हरिबहादुर रोकाय र घरवेटी वीरेन्द्रनगर-७ का ३८ वर्षीय जनक रोकाय छन् ।

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

**त्यसैले,**

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं ।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing | Packaging Box Printing | Wedding Card Printing | Stamp | Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।